**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः3 मितिः

**भाग-२**

बोदेबरसाईन नगरपालिका

## नगर सभाबाट पारित निर्यण मितिः २०७९/०६/०५

## राजपत्र प्रकाशन मितिः २०७९/०६/७

**बोदे बर्साइन नगरपालिकाको ९ औ नगर सभाको नितिगत निर्णयहरु**

आज्ञाले,

नामः घनश्याम यादव

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९/६/५ गते बसेको बोदे बर्साइन नगरपालिकाको ९ औ नगर सभाको नितिगत निर्णयहरु**

1. नेपाल सरकारले बृद्धि गरेको कर्मचारीहरुको तलव स्केल तथा भत्ता एवं ग्रेड अनुसार नै यस नगरपालिका भित्र कार्यरत रहेका स्थायि कर्मचारी तथा स्वास्थकर्मिहरु एवं शिक्षकहरुको तलव तथा भत्ता एवं ग्रेड बृद्धि गर्ने निर्णय गरियो
2. करार कर्मचारीहरुको तलव सुविधामा खाइपाइ आएको तलब सुविधामा समेत १५ प्रतिशतले वृद्धि गर्ने निर्णय गरियो । साथै करार कर्मचारीहरुको हकमा पोशाक भत्ता वापत वर्षमा एक पट रु १००००/- र एक महिनाको तलब वरावरको चाडपर्व खर्च दिने निर्णय गरियो
3. करार कर्मचारीहरुको सेवा करारको म्याद २०७९/४/१ गतेबाट नै लागु हुने गरि २०८० असार मसान्त सम्म थप गर्ने निर्णय गरियो
4. संघिय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित योजना तथा कार्यक्रमहरु स्वीत गर्ने निर्णय गरियो
5. विगतका वर्षहरुमा यस नगरपालिकाले योजना संचालन तथा कार्यान्वयनमा उपभोक्ता समितिबाट लिदै आएको १० प्रतिशत लागत सहभागितालाई खारिज गर्दै उपभोक्ता समितिबाट सो वापत श्रमदान गराउने निर्णय गरियो ।
6. विभिन्न मितिमा वसेको बोदे बर्साइन नगरपालिकाको नगर कार्यपालिकाको बैठकहरुको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
7. यस नगरपालिका क्षेत्र भित्र तथा नगरपालिकाका बाहीर रहेको विभिन्न सरकारी निकाय तथा संघ संस्थाहरुलाई दिएको नगद तथा वित्तिय सहयोग अनुमोदन गर्ने निर्णय गरियो ।
8. आर्थिक तथा समाजिक रुपले कमजोर रहेका तथा जोखिममा परेका ब्यक्तिहरुलाई दिएको आर्थिक सहायता अनुमोदन गर्ने निर्णय गरियो । साथै चालु आ.ब.मा आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट खर्च गर्ने सम्बन्धमा वितिय जोखिम तथा दैवि प्रकोपमा परेको ब्यक्तीहरुलाई प्रदान गर्ने आर्थिक सहायता रकम सीमा रु ५०००/- पाँच हजार नगर प्रमुखको तोकादेशमा प्रमुख प्रशासकीय अधिकृतले दिने र सो भन्दा बढ रकमको माग दावीको सम्बन्धमा नगर कार्यपालिकाको बैठकबाट भएको निर्णय बोमोजिम गर्ने निर्णय गरियो ।
9. कार्यपालिकाको निर्णय अनुसार विभिन्न शिर्षकबाट रकमान्तर भएको रकमान्तर गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।
10. बोदे बर्साइन नगरपालिका क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सरोकार बाला निकायसँग छलफल र अनुरोध गर्ने निर्णय गरियो ।
11. स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार ऐलानी तथा पर्ति सार्वजनिक जग्गाहरुको अभिलेख राख्ने संरक्षण गर्ने कार्य स्थानिय सरकारलाई दिएकोले ऐलानी जग्गाको अभिलेखिकरण तथा कार्यविधि बनाई कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

12. यस बोदे बर्साइन नगरपालिकामा कार्यरत कर्मचारीहरुको चालु आ.ब. २०७९/८० को तलवी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो
13. यस नगरपालिकाको आ.ब. २०७९/८० मा संचालनहुने विविध प्रकारका तालिम गोष्ठी खर्चको सीमा निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो

| क.सं | खर्चको क्षेत्र | इकाइ | दर | सीमा |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक भत्ता (कार्यालयको कर्मचारी/बाह्यको) | प्रति दन | २०००/- | बढीमा ७ दिन |
| २ | श्रोत ब्यक्तिको पारिश्रमिक (बाहिरको) | प्रति सेशन | ३०००/- | १ घण्टा ३० मिनेटको |
| ३ | श्रोत ब्यक्तिको पारिश्रमिक (कार्यालयको) | प्रति सेशन | २५००/- | १ घण्टा ३० मिनेटको |
| ४ | कार्यक्रम सहजकर्ता | प्रति सेशन | १०००/- | एक सेशनमा १ जना |
| ५ | खाजा खर्च | प्रति ब्यक्ति प्रति दिने | २००/- | दिनको १ पटक |
| ६ | खाना खर्च | प्रति ब्यक्ति प्रति दिन | ३५०/- | दिनको १ पटक |
| ७ | चिया विस्कुट खर्च | प्रति व्यक्ति प्रति दिन | ७५/- | दिनको २ पटक |
| ८ | सहभागि स्टेशनरी | प्रति व्यक्ति प्रति तालिम | १५०/- | कापी कलम र अन्य |
| ९ | तालिम स्टेशनरी | प्रति सेशन | ७००/- | मारकर बोर्ड पेन र पेपर |
| १० | आवासीय तालिममा प्रति सहभागि | प्रति व्यक्ति प्रति दिन | भ्रमण खर्च नियमावली अनुसार | खान वस्न सहित |
| ११ | उदघाटन खर्च | प्रति तालिम | १००००/- | आवश्यक्ता अनुसार |
| १२ | समापन खर्च | प्रति तालिम | १००००/- | आवश्यक्ता अनुसार |
| १३ | प्रतिवेदन लेखन | प्रति तालिम | ३५००/- | एक कार्यक्रममा १ जना |
| १४ | विभिन्न समितिहरुको बैठक भत्ता | प्रति बैठक/प्रति दिन अनुगमन | १५००/- | समितिका सबै पदाधिकारीहरु |
| १५ | लिखित परिक्षा भत्ता | लोक सेवा आयोगको Norms अनुसार | | |
| १६ | अन्य विविध खर्च | प्रति कार्यक्रम | आवश्यक्ता | ब्यानर तथा फटोकपी र |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार | अन्य आवश्यक सामग्रिहरु |
| १७ | वाह्य श्रोत व्यक्ति बास खर्च | प्रति दिन | दै.भ्र. भ. नियमानुसार | |
| १८ | बाह्य श्रोत ब्यक्ति यातायात खर्च | आउँदा र जाँदा दिनको मात्र | दै.भ्र. भ. नियमानुसार | |
| १९ | सहभागी यातायात खर्च | प्रति दिन | ५००/- | आते जाते |
| २० | हल भाडा | सम्झौता अनुसार | | |

यसमा तालिकामा उल्लेख भएका शिर्षक तथा दरको हकमा यसै बमोजिम तथा उल्लेख नभएका शिर्षक तथा दरहरुको हकमा अन्य प्रचलित कानुन बमोजीम हुनेछ।

१४ गत आ.ब. २०७८/७९ मा संचालन भएको तर भुक्तानी हुन बाँकी योजनाहरुको भुक्तानी गरी फरफारक गर्ने निर्णय गरियो ।

१५ नगर पालिकाबाट प्रवाह हुने सेवाहरुलाई चुस्त दुरुस्त एवं प्रभावकारी र छीटो छरीतो रुपमा नगरिकलाई स्वतह तथा स्फुर्त रुपमा प्राप्त हुने गरी डिजिटल सेवा प्रवाहमा जोड दिने निर्णय गरियो ।

१६ नगर पालिकाबाट प्रवाहहुने सेवाहरु नगरीक मुखिबनाइ हरेक सार्वजनिक क्रयाकलापमा सरोकारबाला नगरिकहरुको सहभागिता गराउने निर्णय गरियो।

१७ सार्वजनिक निर्णयहरु खुल्ला तथा पार्दर्शि बनाउन निर्णय प्रक्रियामा सरोकार बालाहरुलाई अधिकाधिक मात्रामा समिलित गराइ सूचनामा पहुँच स्थापित गर्ने निर्णय गरियो ।

१८ नगरपालिकाबाट प्रवाहहुने सेवाहरुमा सुशासनको मुल सिद्धान्त अवलम्बन गरि पुर्वाग्रह तथा भ्रष्टाचर रहित बनाउन आवश्यक मापदण्डहरु तयार गरी कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

१९ यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका सार्वजनिक सम्पतिहरुको संरक्षण तथा सम्बर्धन गर्दै त्यसको समुचित उपयोग गर्दै राजश्व संकलन गरी यस नगरपालिकाको आन्तरिक आय सुदृढीकरण गर्ने निर्णय गरियो ।

२० सम्पूरक तथा विषेश अनुदानको लागि मधेश प्रदेश सरकार सँग निम्न योजनाको सिफारिस गर्ने निर्णय गरियो ।

क. नगरपालिका अगाडी अधुरो आर.सि.सि. ढलान ............................ सम्पूरक अनुदान

ख. ह्याण्ड पाइप खरिद तथा जडान ............................................ विषेश अनुदान

ग. वडा नं. ९ को श्री मान शहिद स्कुलमा छत ढलान ..................... विषेश अनुदान

२१ गत आ.ब. मा सम्झौता भइ नगर सभाबाट स्वीकृत भएका अर्ध सम्पन्न योजनाहरु गठीत उपभोक्ताबाटै संचालन गर्न उपभोक्ता समितिहरुको म्याद थप गरी योजना सम्पन्न गरी फरफारक गर्ने निर्णय गरियो ।

२२ नगर सभा संचालन व्यवस्थापन तथा तयारीका लागि कार्यालय समय भन्दा अतिरिक्त समयमा समेत कार्य गरेकोले सचिवालयमा कार्यरत कर्मचारीहरुको प्रोत्साहन वापत १५ दिनको तलव बराबरको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२३ यस नगर कार्यपालिकाबाट संचालन हुने निर्माण कार्य तथा खरिद कार्यकालागि सामग्रिहरुको दर रेट सप्तरी जिल्ला दर रेटलाई नै स्वीकृत गरि सोही दर रेट प्रयोग गर्ने निर्णय गरियो

२४ वडा नं. १,२,३,४,७ र ८ को वडा सिलिङ्ग भित्रको वडा स्तरी योजना तथा कार्यक्रमहरु वडा समितिबाट निर्णय भई आएमा उक्त कार्यक्रमहरुको स्वीकृति तथा कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२५ यस नगरकार्यपालिका तथा नगरसभाको कार्यसहजिकरण तथा नियमन गर्नका लागि तपसिल बमोजिमका समितिहरुको गठन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

क. सार्वजनिक सेवा तथा क्षमता विकास समिति

१ नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक

२ नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य

३ वडा नं. ९ को वडा अध्यक्ष श्री तपसी यादव - सदस्य

ख. आर्थिक विकास समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक

२. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य

३. वडा नं. १० को वडा अध्यक्ष श्री सुनित कुमार यादव - सदस्य

ग. सामाजिक विकास समिति

१. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - संयोजक

२. वडा नं. ६ को वडा अध्यक्ष श्री राज कुमार यादव - सदस्य

३. कार्यपालिका सदस्य श्री गिता कुमारी चौधरी - सदस्य

घ. पूर्वाधार विकास समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य
३. वडा नं. ५ को वडा अध्यक्ष श्री मो. मोजिवुर रहमान - सदस्य

ङ. वातावरण तथा विपत व्यवस्थापन समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य
३. वडा नं. ५ को वडा अध्यक्ष श्री मो. मोजिवुर रहमान - सदस्य

च. विधायन समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. वडा नं. ९ को वडा अध्यक्ष श्री तपसी यादव - सदस्य
३. वडा नं. ५ को वडा अध्यक्ष श्री मो. मोजिवुर रहमान - सदस्य

छ. लेखा समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. वडा नं. १० को वडा अध्यक्ष श्री सुनित कुमार यादव - सदस्य
३. वडा नं. ६ को वडा अध्यक्ष श्री राज कुमार यादव - सदस्य

ज. नगर शिक्षा समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य
३. वडा नं. ५ को वडा अध्यक्ष श्री मो. मोजिवुर रहमान - सदस्य

बाँकी सदस्यहरुको मनोनयन गरी समितिको पूर्णता प्रदान गरी कार्य सञ्चालन गर्ने अधिकार समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

झ. श्रोत अनुमान तथा बजेट निर्धारण समिति

१. नगर प्रमुख श्री आतेश कुमार सिंह - संयोजक
२. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - सदस्य
३. वडा नं. ६ को वडा अध्यक्ष श्री राज कुमार यादव - सदस्य
४. वडा नं. ५ को वडा अध्यक्ष श्री मो. मोजिवुर रहमान - सदस्य
५. वडा नं. ९ को वडा अध्यक्ष श्री तपसी यादव - सदस्य
६. वडा नं. १० को वडा अध्यक्ष श्री सुनित कुमार यादव - सदस्य
७. प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

ञ. राजश्व परामर्श समिति

१. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
३. वडा नं. ९ को वडा अध्यक्ष श्री तपसी यादव - सदस्य
४. कार्यपालिका सदस्य श्री गिता कुमारी चौधरी - सदस्य
५. श्री अनिल प्रसाद सिंह - सदस्य
६. श्री देव नारायण साह - सदस्य
७. राजश्व शाखा प्रमुख - सदस्य सचिव

ट. बजेट तथा कार्यक्रम तर्जुमा समिति

१. नगर उप-प्रमुख श्री रेणु कुमारी साह - संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
३. विषयगत समितिका सदस्यहरु - सदस्य
४. योजना शाखा प्रमुख - सदस्य सचिव

विषयगत शाखाका शाखा प्रमुखहरुले समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने छ र समितिको निर्णय बहुमतले पारित हुनेछ ।

२६ वडा नं. ३ को वडा सदस्य राम विलास साहको आर्थिक अवस्था कमजोर भएकोले निजको औषधी उपचारको लागि रु. १०००००/- एक लाख मात्र आर्थिक सहयोग दिने निर्णय गरियो ।